बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,**
हेटौडा, मकवानपुर।

**विद्युत महशुलमा पचास प्रतिशत सहुलियत कार्यक्रमका लागि प्रस्ताव आवह्वान सम्बन्धी सूचना।।।**

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२।१२।०१)

यस निर्देशनालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "*स्थिर पुँजी बाहेक बीस लाख सम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा पचास प्रतिशत सहुलियत*" कार्यक्रम अन्तर्गत विद्युत महुशलमा पचास प्रतिशत सहुलियत कार्यविधि, २०८२ को दफा १२ बमोजिम मापदण्ड पुरा गरेका सहुलियत प्राप्त गर्न इच्छुक उद्यमीलाई आवेदन पेश गर्न भनि मिति २०८२।१०।१४ गते प्रथम पटक सूचना प्रकाशित गरिएकोमा तोकिएको म्यादभित्र आवश्यक सङ्ख्यामा आवेदन प्राप्त नभएको हुँदा पुनः दोस्रो पटक यो सूचना प्रकाशित मितिले सात दिन (२०८२।१२।०७) भित्र कार्यालय समयमा आइपुग्ने गरी तपसिल बमोजिमको कागजात सहित सम्बन्धित जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दर्ता गर्न हुन आवेदन आव्हान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि योग्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ। विस्तृत जानकारिका लागि यस निर्देशनालय तथा सम्बन्धित जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा संम्पर्क गर्न हुन अनुरोध छ। यस कार्यक्रम सम्बन्धी कार्यविधि निर्देशनालयको वेभसाईट doi.bagmati.gov.np मा उपलब्ध छ।

*यो कार्यक्रम बागमती प्रदेशको ललितपुर र सिन्धुली जिल्लामा मात्र लागू हुनेछ।

**तपसिलः**

१. अनुसूची-२ बमोजिमको निवेदन,
२. सम्बन्धित कार्यालयमा गरेको उद्योग दर्ता प्रमाणपत्र,
३. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
४. कर चुक्ता प्रमाणपत्र,
५. उद्योगमा विद्युत प्रयोग गरेको ग्राहक नम्बर सहितको सम्बन्धित स्थानीय निकाय/वडाको सिफारिस पत्र,
६. उद्योगमा प्रयोग हुने विद्युतका लागि आवेदकको नाममा रहेको वा भाडामा सञ्चालन भएको उद्योगको हकमा करार सम्झौता पत्र सहितको विद्युत मिटर जडान प्रमाण,
७. उद्योगको सम्पूर्ण आकृति स्पष्ट देखिने गरी खिचिएको फोटो,
८. नेपाली नागरिकताको प्रतिलिपि।

-निर्देशक